# उत्कृष्ट महिला सहकारी संस्था छनोट मापदण्ड, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा ,नेपाल

मा.कन्चन चन्द्र बादे
मन्त्री

# उत्कृष्ट महिला सहकारी संस्था छनोट मापदण्ड, २०८२

**प्रस्तावनाः** प्रदेश भित्र महिलाहरूद्धारा सञ्चालित सहकारी संस्थाहरूबीच सकारात्मक प्रतिस्पर्धा वृद्धि गरी महिला सशक्तीकरणमा योगदान पुऱ्याउने महिला सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) बमोजिम सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "उत्कृष्ट महिला सहकारी संस्था छनोट मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले बागमती प्रदेशमा रहेका सामाजिक विकास कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले सामाजिक विकास कार्यालय प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "मापदण्ड" भन्नाले "उत्कृष्ट महिला सहकारी संस्था छनोट मापदण्ड, २०८२" लाई सम्झनु पर्दछ।

(च) "संस्था" भन्नाले बागमती प्रदेश भित्र महिलाहरूबाट मात्र सञ्चालित महिला सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(छ) "उत्कृष्ट संस्था" भन्नाले जिल्ला भित्रको यस मापदण्डको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः**

क. प्रदेश भित्र महिलाहरूद्धारा सञ्चालित उत्कृष्ट महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग अनुदान कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नु ।

ख. रोजगार, स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउनु।

४. **योग्यताः** उत्कृष्ट सहकारी संस्था छनोट प्रक्रियामा आवेदन दिनका लागि निम्न बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भई कम्तीमा ५ वर्ष क्रियाशील रहेको।

(ख) बागमती प्रदेश भित्र कार्यक्षेत्र भएको।

ग) महिलाहरूबाट सञ्चालित र महिला मात्र सेयर सदस्य रहने व्यवस्था भएको।

(घ) महिला, बालबालिका तथा पछाडी परेका वर्गहरूको सशक्तीकरणको क्षेत्रमा क्रियाशील रहेको।



मा. कन्चन चन्द्र बादे
मन्त्री

५. उत्कृष्ट संस्था छनोटका आधारहरुः

(१)अनुसूची १ बमोजिमको संस्थाको परिचयात्मक विवरण रहेको संस्थाहरू मध्येबाट उत्कृष्ट संस्थाहरू छनोट गर्दा देहाय बमोजिमका आधारमा गरिनेछः

क. व्यवस्थापकीय कार्यकुशलता

क. लेखापरीक्षण नियमित छ, छैन ?

अन्तिम लेखापरीक्षण भएको मितिः

ख. साधारण सभा नियमित बसेको छ, छैन ?

अन्तिम साधारण सभा बसेको मितिः

ग. संस्थामा कर्मचारीको व्यवस्था छ. छैन ?

घ. संचालक समितिको बैठक नियमित बसेको छ, छैन ?

गत आ.व. को जम्मा बैठक संख्याः

ङ. संचालक समितिको नियमित निर्वाचन हुने गरेको छ, छैन ?

निर्वाचन भएको अघिल्लो मिति

च. संस्थाको भौतिक स्थिति

आफ्नै भवन भएको ☐

भवन निर्माणाधिन ☐

जग्गा मात्र भएको ☐

**ख. वडास्तरीय समितिको सक्रियताः**

१. संस्थाको कार्यक्षेत्र अन्तर्गत सबै वडामा समिति गठन भएका छन् छैनन् ?

(अ) प्रतिवेदन अवधि भित्र सदस्य बनाई सकिएका कार्यक्षेत्र भित्रका जम्मा वडा संख्या

(आ) कार्यक्षेत्र भित्र समिति बनाइएका जम्मा वडा संख्या

(इ) जम्मा समिति संख्या

(ई) समिति बनाउन बाँकि वडा संख्या

२. समितिको नियमित बैठक बसेको छ छैन ?

(अ) बैठक बसेको पटक ?

आवश्यक परेको बखतमात्र ☐

महिनामा एक पटक ☐



मा. कन्चन चन्द्र बादे
मन्त्री

महिनामा न्युनतम एक पटक र आवश्यक परे बढी पटक ☐

(आ) समितिको बैठकमा को को उपस्थित हुन्छन् ?

कार्यसमितिका पदाधिकारी जति सबै ☐

समिति अन्तर्गतका समूहका सबै सदस्यहरू ☐

सबै समूहको प्रतिनिधित्व हुने गरी सदस्यहरू ☐

ग. उपलब्धी (अभिप्रासी) सूचकाङ्कः

| क्र.सं. | सूचक | मान |
|---|---|---|
| १ | सञ्चिति<br>$\frac{\text{प्रतिसदस्य नियमित बचत रु.}\left(\frac{\text{जम्मा रु}}{\text{सदस्य सङ्ख्या}}\right)}{\text{रु. १५७३० वा प्रति सदस्य नियमित बचतमा जुन बढी हुन्छ सो}} \times १००$ | ...% |
| २ | स्वामित्व<br>$\frac{\text{सदस्यको पूँजी रु. (शेयर पूँजी रु. + जगेडा कोष रु. + घाटापूर्तिक कोष रु.)}}{\text{जम्मा स्रोत रु. (सदस्यको पूँजी रु. + सदस्यको बचत रु. + अन्यत्रको ऋण रु.)}}$ | ...% |
| ३ | सदस्य तर्फी नगद प्रवाह<br>$\frac{\text{पछिल्लो वर्ष संस्थाबाट सदस्यतर्फ गएको नगद रु.}}{\text{पछिल्लो वर्षको जम्मा नगद प्रवाह रु. (संस्थाबाट सदस्यतर्फ गएको रु. + सदस्यबाट संस्थातर्फ आएको रु.)}} \times १००$ | ...% |
| ४ | स्रोत परिचालन<br>$\frac{\text{भाखा ननाघेको ऋण रु.}}{\text{जम्मा लगानीमा रहेको ऋण रु.}} \times १००$ | ...% |
| ५ | सामेली<br>$\frac{\text{सदस्य सङ्ख्या}}{\text{कार्यक्षेत्रका २० वर्ष माथिका जम्मा महिला सङ्ख्या} - \text{प्रवेशिका परीक्षा उत्तीर्ण महिला सङ्ख्या}} \times १००$ | ...% |
| ६ | नवपुस्ताको सम्मिलन<br>$\frac{\text{३४ वर्ष ७ महिना मुनिका सदस्य}}{\text{जम्मा सदस्य}} \times १००$ | ...% |
| ७ | सहभागिता<br>$\frac{\text{समितिको पछिल्लो बैठकमा उपस्थित सदस्य}}{\text{तत्कालिन जम्मा समूह सदस्य}} \times १००$ | ...% |
| ८ | सूचकाङ्क | |



मा. कल्पना ... मन्त्री

| | क्र.सं. १ देखि ७ सम्मका प्रतिशतहरूको जोड / ७ | |
|---|---|---|
| | श्रेणीकरण<br>• ३० भन्दा तल = सङ्कटापन्न<br>• ३०–४४ = साधारण<br>• ४५-५९ = उत्तम<br>• ६०-७४ = अत्युत्तम<br>• ७५ देखि माथि = असाधारण | |

नोटः सूत्र अनुसार हिसाव यसै पानामा देखिने गरी खुलाई पठाउनु पर्नेछ। मान कसरी आएको हो भन्ने नखुलाई नम्वर मात्र पठाएको संस्थाले नम्बर पाउने छैन । प्रतिशत (%) अनुसार हिसाव यसै पानामा देखिनेगरी खुलाउनु पर्नेछ ।

**घ. सिर्जनशीलता**

१. संस्थाले व्यवसायिक क्षेत्रमा गरेका उल्लेखनीय ५ वटा कार्यहरू

| क्र.सं. | कार्य | कहिले गरेको | लागत | लागतको श्रोत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

२. संस्थाले सामाजिक क्षेत्रमा गरेका उल्लेखनीय ५ वटा कार्यहरू

| क्र.सं. | कार्य | कहिले गरेको | लागत | लागतको श्रोत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |



मा. कन्चन [illegible]
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | | | | | |

**ङ. सामाजिक विकास कार्यालयको मूल्याङ्कन**

(क) असाधारण

(ख) अत्युत्तम

(ग) उत्तम

(घ) साधारण

असाधारण वा अत्युत्तम तहको मुल्यांकन भएमा पुष्ट्याइ कारण सहित

कार्यालय प्रमुखको
दस्तखतः
नामः
मितिः

**च. सामाजिक विकास मन्त्रालयको मूल्याङ्कन**

(क) मन्त्रालयबाट हुने मूल्याङ्कनको लागि खण्ड १ को विवरणका साथै खण्ड ४ अन्तर्गत सिर्जनशीलता र सामाजिक विकास कार्यालयको कार्यालय प्रमुखको मूल्याङ्कनको पुष्ट्याई समेतको आधारलाई मूख्यरुपमा लिइनेछ।

**समग्र मूल्याङ्कन (सामाजिक विकास मन्त्रालयको प्रयोजनका लागि मात्र)**

| क्र.सं. | आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| क | व्यवस्थापकीय कार्यकुशलता | ६ | |
| ख | वडास्तरीय समितिको सक्रियता | ४ | |
| ग | उपलब्धी सूचकाङ्क | ७५ | $\frac{\text{जम्मा मान} \times ७५}{१००}$ |
| घ | सिर्जनशीलता | १० | |
| ङ | सामाजिक विकास कार्यालयको मूल्याङ्कन | ३ | |
| च | सामाजिक विकास मन्त्रालयको मूल्याङ्कन | २ | |
| | जम्मा | १०० | |

(२) उत्कृष्ट महिला सहकारी संस्था मूल्याङ्कन गर्दा अनुसूची-२ को आधारमा अङ्कभार गणना गरिनेछ ।



मा.कन्चन चन्द्र बादे
मन्त्री

६. **छनोट समितिः** (१) दफा ६ बमोजिमको समितिले सिफारिस गरेको संस्थाहरूको छनोट गर्नका लागि मन्त्रालयमा देहायको एक छनोट समिति रहनेछ।

(क) सचिव, सामाजिक विकास मन्त्रालय — संयोजक

(ख) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(ग) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य

(ङ) सामाजिक विकास शाखा हेर्ने अधिकृत , सामाजिक विकास मन्त्रालय — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकतानुसार संस्था छनोट प्रक्रियाका लागि बस्न सक्नेछ।

७. **मुल्याङ्कन तथा सिफारिस समितिः** (१) सामाजिक विकास कार्यालयको कार्यक्षेत्र रहेको जिल्लाका महिला सहकारी संस्थाहरूको मूल्याङ्कन गरी उत्कृष्ट सहकारी संस्थाहरूको सिफारिस गर्नका लागि देहायको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।

(क) प्रमुख, सामाजिक विकास कार्यालय — संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख, सामाजिक विकास कार्यालय — सदस्य

(ग) सामाजिक विकास शाखा/इकाई प्रमुख, सामाजिक विकास कार्यालय — सदस्य सचिव

(२) समितिले अनुसार सम्बन्धित विषयको अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

८. **सुचना प्रकाशन गर्नेः** (१) सामाजिक विकास मन्त्रालयले प्रदेशका स्थानीय तहहरूबाट उत्कृष्ट संस्था पुरस्कारको लागि मापदण्ड बमोजिमका आधार र सूचकहरू समेत खुलाई प्रस्ताव पेश गर्न १५ दिनको सुचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था छनोटको लागि सूचना प्रकाशन गर्दा गत आ.व. मा पुरस्कृत संस्थालाई प्रतिस्पर्धामा सहभागी नगराउने र सिफारिस पनि नगरिने व्यहोरा स्पष्ट खुलाउनु पर्नेछ।

९. **संस्था सिफारिस सम्बन्धि व्यवस्थाः** (१) प्रकाशित सुचनाको अवधिभित्र स्थानीय तहले आफ्नो स्थानीय तहमा रहेको उत्कृष्ट १ महिला सहकारी संस्थाको व्यवस्थापकीय कार्यकुशलता, वडास्तरीय समितिको सक्रियता, उपलब्धी(अभिप्रासी) सूचकाङ्क र सिर्जनशीलता सहित मूल्याङ्कन गरी सम्बन्धित कार्यक्षेत्र भएको सामाजिक विकास कार्यालयमा पेश गर्नु पर्नेछ ।

मा.कान्चन चन्द्र बादे
मन्त्री

(२) सामाजिक विकास कार्यालयले स्थानीय तहहरूबाट प्राप्त भएका उत्कृष्ट संस्थाका कागजातहरू यस मापदण्डको आधारमा मूल्याङ्कन गरी प्रत्येक जिल्लाबाट दुई वटा संस्थाहरू छनोट गरी मन्त्रालयमा सिफारिस गर्नुपर्ने छ।

१०. **उत्कृष्ट संस्था छनोट तथा प्रोत्साहन रकमः** (१) सामाजिक विकास कार्यालयहरूबाट सिफारिस भई आएका संस्थाहरुमध्ये मन्त्रालयले प्रति जिल्ला १ वटा संस्थाहरू उत्कृष्ट संस्थाको रूपमा छनोट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनोट भएका प्रत्येक जिल्लाका उत्कृष्ट एक/एक संस्थालाई **अनुसूची ३** बमोजिम सम्झौता गरी सो सम्झौताको शर्त बमोजिम हुने गरी रु. ८०,०००।– (अक्षरेपि असी हजार रुपैंया मात्र) का दरले प्रोत्साहन रकम प्रदान गरिने छ।

११. **बैठक भत्ता तथा सुविधाः** यस मापदण्ड अनुसार गठन भएका समितिका सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

१२. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **मापदण्डमा संशोधन तथा परिमार्जनः** यस मापदण्ड कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा आर्थिक दायित्व पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको समहतिमा र अन्य विषयमा मन्त्रालयले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

## अनुसूची १
### दफा ५ को उपदफा (१) बमोजिम
### संस्थाको परिचयात्मक विवरण

उत्कृट महिला सहकारी संस्था सिफारिस गर्दा स्थानीय तहले संस्थाको सम्बन्धमा देहाय बमोजिमको परिचयात्मक विवरण समावेश गर्नुपर्नेछ ।

क. संस्थाको परिचय

1. संस्थाको नाम:
2. ठेगाना:
3. संस्था दर्ता नं र मिति:
4. जम्मा शेयर सदस्य संख्या:

ख. शेयर सदस्य संख्याको खण्डीकृत तथ्यांक:

- दलित
- जनजाती
- मधेशी
- मुस्लिम
- अन्य

ग. संस्था अध्यक्षको

नाम:

ठेगाना:

टेलिफोन नं:

अध्यक्षको हैसियतमा कार्यरत वर्ष:

घ. संचालक समिति र लेखा समितिमा दलित समुदायको प्रतिनिधित्व:

मा.कन्चन चन्द्र बादे
मन्त्री

अनुसूची-२

दफा ५ को उपदफा (२) बमोजिम

उत्कृष्ट महिला सहकारी संस्था मूल्याङ्कनका आधारहरू

## १. व्यवस्थापकीय कुशलता

व्यवस्थापकीय कुशलता वापत निर्धारित ६ अङ्क मध्ये जम्मा ६ वटा शीर्षकमा अधिकतम १ गरी वितरण गर्ने। अङ्क देहाय बमोजिमको गर्ने :

### १.१ लेखापरीक्षणको नियमितता

- नियमित लेखापरीक्षण गरेको — १
- नियमित लेखापरीक्षण नगरेको — ०

### १.२ साधारण सभाको नियमितता

- नियमत साधारण सभा गर्ने गरेको — १
- नियमत साधारण सभा नगरेको — ०

### १.३ कर्मचारीको व्यवस्था

- 'छ, भन्ने जनाइएकोमा — १
- 'छैन, भन्ने जनाइएको वा नजनाइएकोमा — ०

### १.४ निर्वाचनको नियमितता

- छ, भन्ने जनाइएकोमा — १
- छैन, भन्ने जनाइएको — ०
- छ, भन्ने जनाइएको तर निर्वाचित भएको अघिल्लो मिति २०७७ पौष वा उता उल्लेख गरेको वा मिति नै उल्लेख नगरिएकोमा — ०

### १.५ बचत एकीकरण

- पुरै सम्पन्न गरेकोमा — १
- केही भएको केही बाँकी रहेकोमा — ०.५
- संस्था र समितिमा छुट्टाछुट्टै गरेकोमा वा केही पनि नजनाइएकोमा — ०

### १.६ संस्थाको भौतिक अवस्था

- आफ्नै भवन भएकोमा — १
- निर्माणाधिन भवन भएकोमा — ०.७५
- जग्गा मात्र भएकोमा — ०.५
- नभएको वा नजनाइएकोमा — ०

## २. वडास्तरीय समितिका सक्रियता ४

निर्धारित ४ अङ्कमध्ये समिति गठनतर्फ १, बैठकतर्फ १, उपस्थितितर्फ १ र समिति अन्तर्गत व्यवसायिक समूह विकासतर्फ १ गरी वितरण गर्ने। अङ्क देहाय बमोजिम गर्ने

### २.१ समिति गठन

- कार्यक्षेत्रका सबै वडामा गठन भैसकेकोमा १
- आधाभन्दा बढी वडामा गठन भैसकेकोमा ०.५
- आधाभन्दा घटी वडामा समिति भएको, नजनाइएको वा प्रति समिति औसत २५ भन्दा घटी सदस्य भएकोमा ०

### २.२ समितिको बैठकको नियमितता

- महिनामा न्यूनतम एक पटक १
- महिनामा एक पटक ०.५
- आवश्यक परेको बखत वा नजनाइएकोमा ०

### २.३ समितिको बैठकमा उपस्थिति

- समूहका सबै सदस्यहरू १
- समूहका प्रतिनिधि सदस्यहरू ०.५
- कार्यसमितिका पदाधिकारीहरू वा नजनाइएकोमा ०

### २.४ समितिअन्तर्गत व्यवसायिक समूह विकास

- सो अनुसार एकवटा भन्दा बढी व्यवसायिक समूह गठन भएको १
- सो अनुसार एकवटा व्यवसायिक समूह गठन भएको ०.५
- सो अनुसार एउटै पनि व्यवसायिक समूह गठन नभएको ०

## ३. अभिप्रासी सूचकाङ्क

अभिप्रासी सूचकाङ्क देहाय बमोजिम गर्ने :

(क) साधारणतया संस्थाबाट प्रास गणनालाई मान्यता दिने;

(ख) साधारणतया सुत्रमा मान राखेको हुनुपर्ने;

(ग) सानोतिनो गणितीय गल्ति भेटिए सच्याइदिने;

(घ) गम्भीर गल्ती भेटिएको वा कुनै सूचकको मान अविश्वासनीय रूपमा बढी देखिएकोमा लेखापरीक्षण प्रतिवेदन वा अन्य कागजबाट पुष्टि हुन सक्ने भएसम्म सोको आधारमा सच्याइदिने नभए गणना गल्ती जनाएर त्यस्तो संस्थालाई मूल्याङ्कनमा समावेश नगर्ने,

(ङ) कुनै सूचकको मान छुटेको तथा गणना गरिने अङ्कहरू पनि उपलब्ध नभएकोमा बाँकी सूचकहरूको जम्मालाई ७ ले भाग गरी सूचकाङ्कको मान राखिदिने ।

४. सिर्जनशीलता

सिर्जनशीलताका लागि छुट्टयाइएको १० अङ्क प्रदान गर्दा व्यवसायिक क्षेत्र र सामाजिक क्षेत्र तर्फ क्रमश ५-५ अङ्कमा सीमित रहने ।

अङ्क सङ्ख्यात्मक रूपमा नभएर देहायका पक्षको विचार गरी समष्टिमा प्रदान गर्नेः

- कार्यको नविनता (अर्थात् प्रचलित कार्यभन्दा पृथक् कार्य हुन्, होइनन् ?)
- लागतमा अंशयारी (अर्थात् संस्थाको आफ्नो स्रोत पनि परेको हो, होइन ?)
- उपलब्धिको उल्लेखनीयता (अर्थात् विपन्न सदस्यलाई विशेष मात्रामा लाभ पुगेको हो, होइन ?)

५. सामाजिक विकास कार्यालय प्रमुखको मूल्याङ्कन को लागि छुट्टयाइएको ३ अङ्क देहायबमोजिम गर्ने

- अत्युत्तम ३
- उत्तम २
- साधारण १
- अत्युत्तम मूल्याङ्कनमा पुष्टयाई नभएकोमा २
- नजनाइएकोमा १
- अत्युत्तममा चिन्ह नलगाइएको तर पुष्टयाईं लेखिएकोमा ३

६. मन्त्रालयको मूल्याङ्कनमा राखिएको २ अङ्क देहायबमोजिम प्रदान गर्ने

- सदस्य संख्या वापतः
  - हिमाली जिल्लाका संस्थाको हकमाः १०० बढी १, घटी ०.५
  - पहाड जिल्लाका संस्थाको हकमाः ३०० बढी १, घटी ०.५
  - भित्री मधेश तथा काठमाडौं उपत्यकाका संस्थाको हकमाः ६०० बढी १, ३००-५९९ ०.५, ३०० घटी ०.२५
- सशक्तीकरण (समावेशीकरण, सिर्जनशीलता, व्यवसायिकता इत्यादि) बापत १ अङ्क
- मन्त्रालयको मूल्याङ्कनको अङ्क प्रदान गर्दा ०.२५, ०.५,०.७५ र १ मध्ये कुनै एकको स्तरमा गर्ने।

नोटः (१) यस अनुसूची बमोजिम मूल्याङ्कनका लागि सम्बन्धित संस्थाहरूले प्रमाण पुग्ने कागजातहरू समेत पेश गर्नुपर्नेछ ।

(२) यस भन्दा पहिला यस मन्त्रालयबाट पुरस्कार प्राप्त गरेको संस्थालाई छनोटमा सहभागी गराइने छैन । सामाजिक विकास कार्यालयबाट आफ्नो कार्य क्षेत्रका स्थानीय तहबाट प्राप्त संस्थाहरूको प्राप्ताङ्क र प्रत्येक जिल्लाका उत्कृष्ट २ वटा संस्थाको सम्पुर्ण कागजात समेतको नतिजा सहित सिफारिस गर्नु पर्नेछ र उत्कृष्ट महिला सहकारी संस्थाले प्रोत्साहन वापत प्राप्त रकम चालुकोष (घुम्तीकोष)को रूपमा सञ्चालन गर्नु पर्नेछ ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

अनुसूची ३

दफा १० को उपदफा (२) बमोजिम

संझौता-पत्र

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय (यसपछि पहिलो पक्ष भनी सम्बोधन गरिएको) र उत्कृष्ट महिला सहकारी संस्थाको नाम र ठेगाना(यसपछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) बीच उत्कृष्ट महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग कार्यक्रम संचालन गर्न तपसील बमोजिमका शर्तहरु पालन गर्ने गरी दुवै पक्षले यो संझौतामा हस्ताक्षर गरी एक/एक प्रति बुझी लियौं/दियौं।

१. पहिलो पक्षले दोश्रो पक्षलाई "उत्कृष्ट महिला सहकारी संस्थालाई क्षमता विकास/प्रोत्साहन/सहयोग कार्यक्रम" अन्तर्गत जम्मा रु. ८०,०००/- (अक्षरेपि असी हजार मात्र रुपैंया मात्र) अनुदानको रूपमा उपलब्ध गराइनेछ।

२. दोश्रो पक्षले प्राप्त अनुदान रकमलाई देहाय बमोजिम चालुकोष (घुम्तिकोष) को रूपमा परिचालन गर्नुपर्नेछ।
   - आफ्ना सदस्यहरूलाई विभिन्न आयमूलक, सीपमूलक, उत्पादनशील व्यवसाय सञ्चालन गर्ने, रोजगारीका अवसर प्रदान गर्ने, महिलाहरूको आर्थिक निर्णय, नेतृत्व, जिम्मेवारी एवं जवाफदेहिता वहन हुने क्षेत्रका कार्यक्रम/कृयाकलापमा प्रयोग गर्नुपर्नेछ,
   - प्राप्त अनुदान रु. ८०,०००/- को घुम्ती कोष स्थापना गर्नुपर्नेछ,
   - उक्त कोषमा रहेको रकम बार्षिक रुपमा आफ्ना सदस्यहरुलाई न्युनतम जीविकोपार्जनको निम्ति सहुलियतदरको ऋण (क वर्गको बैङ्कले तोकेको न्यूनतम व्याजदर ननाघ्नेगरी ) उपलब्ध गराउनुपर्नेछ । ऋण परिचालनको क्रममा सेवा शुल्क लिन पाइनेछैन,
   - उक्त रकम बढीमा ५ जना सदस्यहरुलाई बार्षिक रुपमा उपलब्ध गराउनुपर्नेछ,
   - साना साना कृषि उद्यम ( बाख्रापालन, कुखुरा पालन, मौरीपालन वा यस्तै अन्य स्थानीय परिवेश अनुसार) र सानो ब्यापार ( चिया पसल संचालन , किराना पसल, टेलरिङ्ग आदि) व्यवसाय गरी आयआर्जन गर्न चाहने सीमान्तकृत , विपन्न, दलित , गरिबीको रेखामुनि रहेका महिलाहरुलाई उपलब्ध गराउनुपर्नेछ,
   - कोष परिचालनबाट प्राप्त हुने ब्याज सोही कोषमा राखी कोष रकम वृद्धि गर्नुपर्नेछ,
   - एक पटक प्राप्त गरेका महिलाहरूले गत आ.व.को सावा ब्याज भुक्तानी गरि पुनः अर्कोपटक आवश्यकता अनुसार संचालकको मुल्यांकनको आधारमा ऋण लिन बाधा पर्ने छैन ।

३. दोस्रो पक्षले प्राप्त अनुदान रकमको खर्च र सो को हक हस्तान्तरण गर्ने छैन । सम्झौता विपरित गरेमा नियमानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न दोस्रो पक्ष तयार हुनुपर्नेछ ।

४. पहिलो पक्षले अनुदान रकमको प्रयोगको सम्बन्धमा दोश्रो पक्षको जुनसुकै बखत पनि अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

५. अनुदान रकमको थप प्रभावकारी कार्यान्वयन गर्न दुवै पक्षबीच आवश्यकतानुसार आपसी छलफल गर्न सकिनेछ ।

६. दोश्रो पक्षले कानून बमोजिम अलग्गै लेखा राखी सो को लेखापरीक्षण गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनिवार्य रुपमा पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

मा.कान्चन ... मन्त्री

७. अनुदान कार्यक्रम कार्यान्वयन अन्तर्गत दोस्रो पक्षले उपलब्ध गराएका कागजातहरूको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । सहि छाप नभएका, प्रमाणित नभएका, कानून बमोजिम नभएका कागजातहरूप्रति दोस्रो पक्ष जवाफदेही हुनेछ।

८. दोश्रो पक्षले प्राप्त अनुदान रकमको कुनै किसिमको दुरुपयोग, अन्य कुनै निकायमा अनुदान प्राप्ति वा फछ्र्यौटका लागि पेश गरेको वा अनुचित बाँडफाँड हुनेछैन भन्ने कुराको सुनिश्चितता गर्नुपर्नेछ। तोकिएको कार्य नगरी रकम बाँडफाँड गरेको पुष्ट्याइ भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ र दोश्रो पक्षलाई भविष्यमा सञ्चालन हुने कुनै कार्यक्रममा सहभागी गराईने छैन ।

९. दोस्रो पक्षले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत उपलब्ध गराएको अनुदान रकमबाट सञ्चालित कार्यक्रमको पहिचान हुनेगरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

१०. यस संझौताकै आधारमा आगामी आ.व. मा समेत अनुदान रकम उपलब्ध गराउन पहिलो पक्ष बाध्य हुनेछैन ।

११. यो संझौता अविछिन्न रूपमा लागु हुनेछ, साथै दोस्रो पक्षले पहिलो पक्षबाट प्राप्त अनुदानको परिचालन, प्रगति लगायतका विषयहरू समेटेको प्रतिवेदन वार्षिक रूपमा पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

१२. यस संझौतामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट:**

हस्ताक्षर:

नाम थर:

पद:

कार्यालय:

सम्पर्क नं:

मिति:

कार्यालयको छाप:

**दोश्रो पक्षको तर्फबाट:**

हस्ताक्षर:

नाम थर:

पद:

संस्थाको नाम:

सम्पर्क नं:

मिति:

संस्थाको छाप: